विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौं ।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौं ।
- विज्ञापन प्राप्त गर्न अनुचित दबाव र प्रभाव नपारौं ।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

Kirloskar
Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ ०५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 21 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ०४

नारायणीमा छैनन् न्यूरो र मूत्ररोग चिकित्सक

निजी अस्पताल जाँदै बिरामी

प्रस, परवानीपुर, ४ भदौ/

मोफसलकै सबैभन्दा पुरानो अस्पताल भनेर चिनिने नारायणी अस्पताल वीरगंजमा सरकारको उदासीनताका कारण न्यूरो र मूत्ररोग विशेषज्ञ डाक्टरहरूको अभाव हुँदै आएको छ ।

तस्वीरः फाइल

मध्य तराईको पर्सा, बारा, रौतहट, सर्लाही र बिहार राज्यका बिरामीहरू उपचारको लागि आउने नारायणी अस्पतालमा विगत लामो समयदेखि न्यूरो सर्जन, मूत्ररोग विशेषज्ञ (युरोलोजिस्ट) चिकित्सकको दरबन्दी भए तापनि नेपाल सरकारको स्वास्थ्य मन्त्रालयले चिकित्सक नपठाउँदा वीरगंजको सरकारी अस्पतालमा न्यूरो र युरोलोजिस्टको अभाव खड्किएको हो ।

बिरामीको चाप अत्यधिक भए तापनि सम्बन्धित विभागका डाक्टर नहुँदा नारायणीमा आउने न्यूरो र युरोलोजिस्टका बिरामीहरू अन्य निजी अस्पतालमा जान बाध्य छन् ।

सरकारी अस्पतालमा पर्याप्त मात्रामा चिकित्सक नपठाउँदा सरकारी अस्पतालको आम्दानी कमी हुन्छ भने निजी अस्पतालहरू मालामाल भइरहेको अवस्था रहेको नारायणी अस्प्तालका कर्मचारीहरूले बताएका छन् । पछिल्लो समयमा मधेस प्रदेशको विभिन्न जिल्लामा सवारी दुर्घटना हुँदा न्यूरो उपचारको लागि बिरामीहरू वीरगंजको निजी न्यूरो अस्पताल तथा मूत्ररोगसम्बन्धी समस्या लिएर चितवन र काठमाडौंसम्म धाउने गरेका छन् ।

यसरी यस भेगको जनताले उपचारमा सहज पहुँच नपाएको र यो दुईटा विभागको उपचारको लागि वीरगंजभन्दा बाहरको अस्पतालमा लाखौं खर्च गर्नुपरेको बताएका छन् ।

यस विषयमा नारायणी अस्प्ताल वीरगंजका प्रवक्ता डा उदयनारायण सिंहसँग बुझ्दा उनले नारायणी अस्पताल मधेस प्रदेशकै नमूना अस्पताल हो । दरबन्दी हुँदा पनि चिकित्सक नियुक्त गर्न नसक्नु र चिकित्सक नपठाउनु दुःखद कुरा भएको बताए ।

यस विषयमा अस्पताल प्रशासनले स्वास्थ्य विभागमा पटकपटक ताकेता गर्दा पनि नारायणी अस्पतालको माग सुनुवाई नभएको बतायो ।

शेयर बजारबारे अन्तर्क्रिया

प्रस, वीरगंज, ४ भदौ/

वीरगंज उद्योग वाणिज्य सङ्घमा गठित क्यापिटल तथा शेयर मार्केट समितिका सभापति मुरली जालानको अध्यक्षतामा शनिवार शेयर बजारबारे अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सङ्घको सभाकक्षमा शेयर लगानीकर्ता सचेतना तथा अन्तर्क्रिया एक दिने अभिमुखीकरण तालीम दिइएको थियो ।

तस्वीरः सौजन्य
वीरगंज उद्योग वाणिज्य संघ
सेयर समिति द्वारा आयोजित
सेयर लगानीकर्ता सचेतना तथा अन्तर्क्रिया कार्यक्रम
प्रशिक्षणकर्ताहरू:
सह-आयोजक
NAASA SECURITIES
अर्थ सरोकार

कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख राजेशमान सिंहले शेयर लगानी गर्दा सोचेर र लगानी गर्ने, लगानी नडुबोस् भनेर लगानी गर्न लागेको संस्थाबारे पूर्ण जानकारी लिएर मात्र लगानी गर्न आग्रह गरे ।

कार्यक्रममा मधेस प्रदेशका ऊर्जा तथा खानेपानीमन्त्री ओमप्रकाश शर्माले शेयर मार्केटमा जसले पनि नाफाको मात्र कुरा गर्ने गरेको देखिन्छ तर शेयर मार्केटमा कहिले राम्रो आम्दानी हुन्छ भने कहिले घाटा पनि हुन्छ । त्यसैले लगानी लगाउने संस्थाप्रति जानकारी लिएर लगानी गर्न

(बाँकी अन्तिम पातामा)

जगरनाथपुरमा निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, ४ भदौ/

दाइजो एवं सामाजिक कुरीतिविरुद्ध जागरण मञ्चको आयोजना तथा दृष्टि आँखा अस्पतालको प्राविधिक सहयोगमा जगरनाथपुर गाउँपालिकामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

तस्वीरः प्रतीक

जगरनाथपुर गापा–१ पाँडेपुरको मदर्सामा आयोजित निश्शुल्क स्वास्थ्य शिविरको वडाध्यक्ष लक्ष्मीसाह तेलीले उद्घाटन गरेका थिए ।

शिविरमा २१६ जनाको आँखा परीक्षण गरिएको र ८७ जनामा मोतिबिन्दु फेला परेको थियो ।

मोतिबिन्दु भएकाहरूलाई भदौ ७ र ८ गते ६० प्रतिशत छुटमा शल्यक्रिया गरिने डा सङ्गीता मण्डलले बताइन् ।

छोटकरी

जग्गा कारोबारीको हत्या

प्रस, सिम्रौनगढ, ४ भदौ/

बाराको सीमावर्ती भारत पूर्वी चम्पारणको सदरमुकाम मोतिहारीमा हिजो दिउँसै एकजना जग्गा कारोबारीको हत्या भएको छ ।

हत्या हुनेमा मोतिहारी बन्जरिया थाना क्षेत्र, दरोगा टोल निवासी ३० वर्षीय विनोद उर्फ सिपाही सहनी रहेका छन् ।

हिजो शुक्रवार दिउँसो फोन गरेरसहनीलाई बाहिर बोलाई अपराधीहरूले गोली हानी फरार भएको जनाइको छ ।

जन्माष्टमीको मेलामा झडप

प्रस, वीरगंज, ४ भदौ/

पर्सागढी नगरपालिकामा लगाइएको कृष्णाष्टमी मेलामा झडप भएको छ ।

श्री कृष्ण जन्माष्टमी मेला
तथा सांस्कृतिक कुस्ती कार्यक्रम २०७९
मेलामा सहभागीहरू र सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै कलाकार । तस्वीरः प्रतीक

कृष्णाष्टमीको अवसरमा तीन दिने मेला लगाइएको थियो । मेलाको अन्तिम दिन समितिले जग्गाको मूल्य बढी लिएको विषयमा बहुदरमाई नगरपालिकाका मिठाइ पसलेसँग झगडा भएको बताइएको छ ।

जन्माष्टमीको अवसरमा लागेको मेलामा समितिले व्यापारीहरूसँग अनधिकृतरूपले रकम उठाएको आरोप लाग्दै आएको छ । यसैगरी मेलामा स्वयंसेवक कुश्ती खेलाडीहरूको खर्च भनेर प्रत्येक वर्ष रकम हिनामिना हुने गरेको आरोप पनि छ ।

समितिले मेलामा सङ्कलित रकम सार्वजनिक नगर्दा आर्थिक अनियमितताको आरोप लाग्ने गरेको हो । बढनियार प्रहरी चौकीले आर्थिक कारोबारको विषयमा कुनै जानकारी नभएको बताएको छ ।

सिम्रौनगढ उवासङ्घमा लालबाबू कुशवाहा

प्रस, सिम्रौनगढ, ४ भदौ/

बारा उद्योग वाणिज्य सङ्घ शखा सिम्रौनगढको नवौं साधारणसभा र छैठौं अधिवेशन आज उद्योग वाणिज्य सङ्घ सिम्रौनगढको सभाकक्षमा सम्पन्न भयो ।

तस्वीरः प्रतीक
बारा उद्योग वाणिज्य संघ
शाखा कार्यालय सिम्रौनगढ, बारा
नवौं साधारण सभा
र
छैठौं अधिवेशन
मिति :- २०७९/०५/०४ गते शनिवार

लालबाबू कुशवाहा (अध्यक्ष)

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि बारा उद्योग वाणिज्य सङ्घ कलैयाका अध्यक्ष राजकुमार साहले बताए कि कुनै पनि ठाउँको विकास गर्न त्यहाँका उद्योगी व्यवसायीको निकै भूमिका हुन्छ ।

यहाँ जनतादेखि सरकारसम्मको दृष्टि हामीतिर हुन्छ । बोर्डर क्षेत्रमा व्यापार गर्न कति गाऱ्हो छ व्यापारीहरूलाई थाहा छ । यसमा पनि भन्सार स्तरोन्नति नहुँदा व्यापारीलाई झन कठिनाईको सामना गर्नुपर्छ ।

सिम्रौनगढ एउटा पर्यटकीय, धार्मिक र ऐतिहासिक स्थल हो, यसको विकासका लागि जन जागरुकताका साथै जनप्रतिनिधि र व्यापार क्षेत्रले समेत सक्रियता देखाउनुपर्छ ।

विशिष्ट अतिथि, सिम्रौनगढ नगरपालिका प्रमुख किशोरीप्रसाद कलवारले कुनै पनि देश, ठाउँ र क्षेत्रको भविष्य त्यहाँको व्यापारमा निर्भर रहन्छ र सबै तहको नेतृत्व सकारात्मक छ भने मात्र विकास सम्भव हुन्छ ।

उद्योग वाणिज्य सङ्घका अध्यक्ष जयन्त कुशवाहाको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा उद्योग वाणिज्य सिम्रौनगढका संस्थापक अध्यक्ष

(बाँकी अन्तिम पातामा)

लागू औषधसहित दुईजना पक्राउ

प्रस, वीरगंज, ४ भदौ/

जिल्ला प्रहरी कार्यालय, बाराले कलैया उपमहानगरपालिका–२० गण्डक नहरबाट लागू औषधसहित दुईजना भारतीय युवकलाई पक्राउ गरेको छ ।

भारतीय नम्बरको मोटरसाइकलमा सवार मोतिहारी निवासी ३२ वर्षीय चन्दन मिश्रा र २५ वर्षीय धर्मजित कुशवाहाबाट डाइजेपाम, फेनारगन, नुर्फिम १८ सय पिस र नाइट्रोभ्याट टेबलेट ३०० पिस गरी २१ सय पिस लागू औषध बरामद भएको बारा प्रहरीका प्रवक्ता राजेश थापाले बताए ।

प्रहरी चौकी बसतपुरको टोलीले लागू औषध बरामद गरेको उनले जानकारी गराएका छन् । मोटरसाइकलमा सवार युवकले बोकेको झोलाभित्र लागू औषध बरामद भएको थियो ।

विचारसार र सूक्तिहरू

पहिले मान्छे मर्दथे र आत्मा भट्किन्थ्यो तर अहिले आत्मा मरिसकेको छ र मान्छे भटकिरहेको छ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

बाह्य होइन, आन्तरिक वैराग्यले हुन्छ आत्मबोध

हिमालयको दिव्य वातावरणमा वर्षौं तप-साधना गरेपछि सन्त प्रेमदासलाई आतसाक्षत्कार भएको थियो, आत्मबोध भएको थियो, आत्मज्ञान प्राप्त भएको थियो। आत्मबोधले उनको अन्तस् अलौकिक आनन्दले भरिएको थियो। उनी क्षण-प्रतिक्षण त्यसै परम आनन्दको अनुभूति गर्दथे। लोककल्याणको भावनाले प्रेरित भएर सन्त प्रेमदास प्रायः भ्रमण गर्दै मानिसलाई अध्यात्मको पथमा हिंड्न प्रेरित गर्दथे।

तिमीभित्र यदि अतृप्त इच्छाहरू छन्, तृष्णा छ, वासना छ, अनि त तिमी जहाँसुकै किन जाऊ-वन, उपवन, गुफा, कन्दरामा, ती इच्छा त्यहाँ पनि पछि लागिर हन्छन्। त्यसैले बाह्य वैराग्य होइन, भित्रि वैराग्य महत्त्वपूर्ण छ। यसका लागि आफ्ना दुर्गुणहरूबाट माथि उठ्नुपर्छ।

आज त्यसै क्रममा भ्रमण गर्दै उनी एउटा गाउँमा पुगेका थिए र उनको कुरा सुन्न आएका हजारौं मानिसलाई सम्बोधन गर्दै उनी भनिरहेका थिए- "शाश्वात सुख र आनन्द कहीं अन्त होइन, अपितु हाम्रैभित्र छ। त्यसबाट अनभिज्ञ हुनाले मानिस जीवनभरि सुखको खोजमा यताउता भौंतारिइरहन्छ। ऊ कहिले भौतिक भोग पदार्थहरूमा सुख खोज्छ, त कहिले विषयभोगहरूमा खोज्छ, तर पनि अतृप्त नै रहन्छ, किन ? किनकि विषयभोगहरू वा भोग पदार्थबाट प्राप्त ऐन्द्रिक सुख स्थायी हुँदैन, वरन् क्षणभङ्गुर हुन्छ, त्यसैले यो प्राप्त भए तापनि मानिस अतृप्त नै रहन्छ।"

"यसविपरीत जब मानिस योगाभ्यास गर्दछ, जब भगवद्उपासना, भजन, ध्यान, स्मरण, सत्सङ्ग स्वाध्याय आदि गर्दछ तब शाश्वत सुख र आनन्दको झरना उसको भित्रैबाट निःसृत हुन थाल्छ। भौतिक भोग पदार्थ तथा विषयभोगहरूले प्राप्त सुख क्षणभङ्गुर हुन्छ, अपूरो हुन्छ, तर आत्माबाट प्रस्फुटित आनन्द पूर्ण हुन्छ, आत्माबाट निःसृत आनन्द स्थायी हुन्छ।"

"त्यसलाई प्राप्त गरेपछि मानिस प्रत्येक अवस्थामा आनन्द नै आनन्दको स्थितिमा हुन्छ। उसलाई स्थायीरूपले तृप्तिको अनुभव हुन्छ। उसको मनमा घृणा, ईर्ष्या, द्वेषजस्ता नकारात्मक भावनाहरू समाप्त हुन्छन् र उसको हृदयमा करुणा, प्रेम, संवेदना आदि दिव्य भावनाहरू उर्लिन, उद्वेलित हुन थाल्दछ। भौतिक र आध्यात्मिक, दुवै दृष्टिले उसको जीवन पूर्ण हुन्छ, सुखी हुन्छ एवं आनन्दित हुन्छ। यदि तिमीलाई वास्तविक सुख-शान्ति चाहिन्छ भने भगवद्उपासना गर, ध्यान गर, भजन गर, र शिवभावले जीवमात्रको सेवा गर।"

यसका साथै सन्त प्रेमदासजले वाणीलाई विराम दिए, तर त्यसै बेला सत्सङ्गमा बसेका एकजनाले विनती गर्दै भने-"महात्मन् ! तपाईंका अमृत वचनले आज हामी सबैको आँखा खुल्यो, तर मेरो मनमा एउटा प्रश्न छ, जसको तपाईंसँग समाधान चाहन्छु। प्रश्न यो हो कि घर-गृहस्थी त्यागेर कहीं अन्त गएर भगवद्उपासना कसरी गर्ने ? किनभने त्यस अवस्थामा घर-गृहस्थी कसरी सञ्चालन गर्न सकिन्छ ? त्यसैले यस्तो उपाय बताउनुस् कि घर-गृहस्थीको कुशल सञ्चालन पनि गर्दै रहौं, घर-गृहस्थीको त्याग पनि गर्नु नपरोस् र भगवद्उपासना पनि निर्विघ्नरूपले चलिरहोस्।"

यसमा सन्त प्रवरले भने-"वत्स ! शाश्वत सुख-शान्ति पाउनका लागि भगवद्ध्यान, जप, स्वाध्याय आदि गर्नुपर्दछ र यी काम गर्नका लागि घर-गृहस्थी त्यागनु आवश्यक छैन। तिमीले संसार छाडेर, आफ्नो निजी कर्तव्य त्यागेर वैरागी बन्नुपर्दैन, अपितु मनले वैरागी बन्नुछ, बाह्यरूपले होइन, वरन् आन्तरिकरूपले वैराग्य धारण गर्नुछ।"

उनले भने-"तिमीभित्र यदि अतृप्त इच्छाहरू छन्, तृष्णा छ, वासना छ, अनि त तिमी जहाँसुकै किन जाऊ-वन, उपवन, गुफा, कन्दरामा, ती इच्छा त्यहाँ पनि पछि लागिरहन्छन्। त्यसैले बाह्य वैराग्य होइन, भित्रि वैराग्य महत्त्वपूर्ण छ। यसका लागि आफ्ना दुर्गुणहरूबाट माथि उठ्नुपर्छ। संसारमा यस्ता धेरै गृहस्थ भक्त, साधन, उपासक, सन्त भएका छन्, जसले गृहस्थ आश्रममा बसेर पनि आत्मबोधको परम उपलब्धि हासिल गर्न सके।"

"अस्तु आदर्श स्थिति र उपाय त यही हो कि आफ्नै घरमा नित्य केही छिनका लागि नै सही भगवद्उपासना, जप, ध्यान, स्वाध्याय अवश्य गरौं। प्रारम्भमा उपासना गर्दा मनमा यताउताका धेरै विचार आउनेजाने गर्छन्, यसबाट आत्तिनुहुँदैन। विचारहरूका आँधी त मनमा आइ नै रहन्छन्। जब वर्षौंदेखि बन्द कुनै घर खोलिन्छ, त्यसलाई बढारिन्छ, तब धूलो तलबाट उडेर माथिसम्म फिजिन्छ, तर त्यतिकैले झाडू लगाउन बन्द त गरिंदैन। हो, बिस्तारै-बिस्तारै धूल कम हुँदै गएपछि उड्न पनि बन्द हुन्छ।"

"त्यसैगरी उपासना गर्दा, ध्यान गर्दा, जप गर्दा, प्रारम्भमा मनमा कैयौं विचारहरूको प्रवाह उर्लिरहन्छ। कैयौं विचार त हाम्रो अचेतन मनमा थिचिएर बसेका कर्म-संस्कार, अतृप्त इच्छा, वासना आदिका कारण हुन्छन् र केही विचार हाम्रो वर्तमान जीवनमा हामीले गरेको शुभ-अशुभ, असल-खराब कर्मले प्रेरित भइरहन्छन्।"

"उपासनामा, ध्यानमा, जपमा, स्वाधायमा नियमित बस्दा हाम्रो चेतन र अचेतन-दुवैको परिष्कार हुन थाल्छ र मन विचारबाट मुक्त भएर शून्यावस्थामा पुग्छ। मनका वृत्तिहरू, चित्तका वृत्तिहरू समाप्त हुन थाल्छ र फेरि त्यही शून्यावस्था, चित्तको शुद्ध अवस्थामा, मनको पवित्र अवस्थामा हाम्रो आत्मामा परमात्माको ज्ञान प्रकट हुन्छ र परमात्माको अंश भएकै कारण आत्माबाटै दिव्य ज्ञान र आनन्द प्रकट हुन थाल्छ।"

"सबै मानिसको चाहना दुःखबाट मुक्ति र सुखको प्राप्ति हो। सामान्य मानिसलाई लाग्दछ कि सुख प्राप्त हुने बाह्य मार्गबाट नै हो, भौतिक सुख-साधनबाट नै हो, तर भगवद्उपासक, भगवद्भक्तलाई भगवद्उपासना गर्दागर्दै अन्ततः अनुभव हुन थाल्छ कि सुख र आनन्दको स्रोत, आनन्दको अक्षय स्रोत ऊभित्र स्थित आत्मा र परमात्मा नै हुन्।"

"अस्तु भगवद्उपासना र योगाभ्यास गर्दागर्दै अनायास वैराग्य भाव जाग्रत हुन थाल्छ, बाह्य विषयप्रति आसक्ति र लगाव मेटिन थाल्छ र उपासकको हृदयमा भगवानप्रति परम आसक्ति, परम अनुराग, परम प्रेम उदाउन थाल्छ।"

"अर्को महत्त्वपूर्ण कुरा के हो भने हामी आफ्नो जीवनमा नराम्रा कर्म, अशुभ कर्म न गरौं; किनकि यस्तो गर्दा मन मलीन हुन्छ र उपसनामा मन लाग्दैन; किनकि घरीघरी हामीले गरेको नराम्रो कर्म, अशुभ कर्मका विचार हामीलाई उपासनाको गहिराइमा, ध्यानको गहिराइमा उत्रन बाधा उत्पन्न गर्छन् र नराम्रा कर्मको नराम्रा फल पनि भोग्नुपर्छ।"

"हामी सदैव अरूको भलो गरौं, अरूको भलो सोचौं भने यसले चित्त-शुद्धि पनि हुन्छ, मन पवित्र पनि हुन्छ, अरूको भलो गर्दा हुने सुख पनि प्राप्त हुन्छ र स्वयंको जीवनमा पनि शुभ हुन्छ; किनकि जसले अरूको भलो गर्दछ वा भलो चाहन्छ, ईश्वरले अवश्य उसको भलो गर्दछन्।"

यसका साथै जीवनमा समय-समयमा दिव्य तीर्थस्थलहरूको दर्शन र सेवन पनि गर्नुपर्छ। जीवनमा गृहस्थ आश्रमको जिम्मेदारीबाट मुक्त भएर कहिलेकाहीं प्रकृतिको सुरम्य स्थानमा पनि प्रवास गरौं। यसबाट प्रकृतिको निश्छलता, निष्कपटता पनि स्वयंमा आउन थाल्छ।"

"सिद्ध योगीहरूको तपस्थलीमा पुग्दा मानिस त्यहाँ संव्याप्त आध्यात्मिक ऊर्जाले ओतप्रोत हुन थाल्छ। अतः कहिलेकाहीं यस्ता दिव्यस्थलहरूको भ्रमण र त्यहाँ प्रवास गर्ने प्रयास गरौं। यसबाट साधनामा, ध्यानमा, भक्तिमा गति आउँछ र गृहस्थाश्रममैं रहेर पनि ती सब प्राप्त गर्न सकिन्छ, जसका लागि यो देवदुर्लभ मनुष्य तन प्राप्त भएको छ।"

सन्त प्रवरले त्यस प्रश्नको उत्तरमा नै मानौं त्यहाँ उपस्थित सबैको मनमा सहजरूपमा उठ्ने प्रश्नको समाधान गरिदिए। सबैले सन्तलाई साष्टाङ्ग नमन गरे र पुनः आउने आग्रह पनि गरे। सबैको मनको जिज्ञासाहरूको उचित समाधान भयो र दुर्लभ मार्गदर्शन पनि प्राप्त भयो।

यस प्रकार मानिसलाई आफ्नो अमृत समान उपदेशले स्नान गराउँदै सन्त प्रेमदासजी त्यहाँबाट अघिल्लो गन्तव्यतिर लागे। सन्त प्रेमदासको जयजयकार गर्दै मानिस आफ्नो मनमा एउटा नयाँ सङ्कल्प, नयाँ जीवन-दृष्टि र आध्यात्मिक जीवन जिउने दिव्य प्रेरणा लिएर घर फर्के।

वेदको अपरिहार्यता

स्वतन्त्र विचार

राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com

वेदलाई संसारको सबैभन्दा पुरानो साहित्यको रूपमा मानिन्छ र प्राचीन नेपाल र भारतमा जीवनको दर्शनको स्रोत हो र यसको अध्ययनले हामीलाई जीवन दर्शनमा मात्र नभई सम्पूर्ण प्राचीन संस्कृतिको उत्पत्ति बुझ्न पनि मदत गर्दछ।

वेद, जसको अर्थ 'ज्ञान' हो, हिन्दू धर्मको सबैभन्दा पुरानो ग्रन्थ हो। १५०० र ५०० ईसापूर्व (सामान्य युगभन्दा पहिले) वैदिक संस्कृतमा लेखिनु अघि विभिन्न पुस्ताबाट पारित भएको थियो। यसमा कुनै केन्द्रीय धर्म, संस्थापक, पाठ, अभ्यासहरूको सेट, वा देवता छैनन्।

इन्डो-युरोपियन धर्महरूका मिश्रणबाट उत्पन्न भएको सिन्धु उपत्यका क्षेत्रमा हिन्दू धर्म शुरू भयो। सिन्धु उपत्यका सभ्यता उल्लेखनीयरूपमा परिष्कृत थियो, पछि यही सभ्यता रोमन साम्राज्यको प्रतिद्वन्द्वी हुन पुग्यो।

आर्यहरू, उत्तरपश्चिम भारतमा बसाइँ सरेका इन्डो-युरोपियन थिए-उनीहरूले त्यही संस्कृति भित्र्याए, जसमा ब्राह्मण वा पुजारी र धर्मशास्त्रका शिक्षकहरूद्वारा वर्चस्व रहेको जाति व्यवस्था पनि समावेश भयो।

वेद शब्द संस्कृतको विद् धातुबाट बनेको हो, जसको अर्थ ज्ञान हुन्छ। त्यसैले धर्म, अर्थ, काम र मोक्षको जानकारी राखी लाभान्वित हुनु नै वेदको अर्थ हो। वेद विश्वको सबैभन्दा पुरानो धार्मिक ग्रन्थ हो। वेदका चार सङ्ग्रह वा पुस्तक छन्-ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद। वेद मुख्यगरी हिन्दू धर्मावलम्बीहरूको मुख्य धार्मिक ग्रन्थ हो। यसलाई अपौरुषेय, अनादि र अनन्त मानिन्छ। वेदमा ब्रह्म (ईश्वर), देवता, ब्रह्माण्ड, ज्योतिष, गणित, रसायन, औषधि, प्रकृति, खगोल, भूगोल, धार्मिक नियम, इतिहास, रीतिरिवाजसँग सम्बन्धित ज्ञान समाहित गरिएको छ। शतपथ ब्रह्मणको श्लोक अनुसार अग्नि, वायु, आदित्य र अंगिराले तपस्या गरेर चार वेद प्राप्त गरेका थिए। ऋग्वेद, यजुर्वेद र सामवेदलाई अग्नि, वायु र आदित्य (सूर्य)ले तपस्या गरेर र अथर्ववेद अंगिराले तपस्या गरेर उत्पत्ति भएको मानिन्छ। भगवान्ले ऋषिमुनि र ऋषिमुनिले आफ्ना शिष्यहरूलाई बताएर श्रुतिका रूपमा वेदको विकास भएको हो। पछिमात्र विभिन्न ऋषिहरूले यसको संहिताकरण गरेका हुन्। यसमा ऋग्वेदका ३० पाण्डुलिपि अत्यन्तै पुराना रहेको बताइएको छ। यसलाई युनेस्कोले विश्वसम्पदा सूचीमा सूचीकृत गरेको छ।

ऋग्वेदमा देवताहरूको प्रशंसा वा आह्वान गर्ने भजन वा मन्त्रहरू समावेश हुन्छ, यजुर्वेदमा अनुष्ठानका लागि र कसरी गर्ने निर्देशनहरू छन्, सामवेदमा एकान्त धार्मिक जीवन खोज्नेहरूका लागि 'वन ग्रन्थहरू' समावेश छन्, र अथर्ववेदमा उपनिषद्हरू छन्, दार्शनिक र धार्मिक व्याख्याहरू छन्।

वेदहरूका पनि उपवेद छन्। ऋग्वेदको आयुर्वेद, यजुर्वेदको धनुर्वेद, सामवेदको गन्धर्ववेद तथा अथर्ववेदको स्थापत्य वेद उपवेद हुन्। वेदका पनि ४ विभाग छन्: ऋगको स्थिति, यजुको रूपान्तरण, सामको गतिशील र अथर्वको जड अर्थ हुन्छ। ऋगलाई काम, युजलाई मोक्ष, सामलाई काम र अर्थलाई अर्थ पनि भनिन्छ। यसकै आधारमा धर्मशास्त्र, अर्थशास्त्र, कामशास्त्र र मोक्षशास्त्र रचना गरिएका हुन्। त्यसैले जीवनको लक्ष्य धर्म, अर्थ, काम र मोक्षका रूपमा पनि वेदलाई लिइन्छ। वेदका तीन काण्ड छन् : ज्ञानकाण्ड, उपासनाकाण्ड र कर्मकाण्ड। तीमध्ये उपनिषद्को सम्बन्ध ज्ञानकाण्ड, वेदलाई संहिता र ब्राह्मण गरी २ भागमा बाँडेको पाइन्छ।

ब्राह्मणका पनि तीन उपभाग ब्राह्मण, आरण्यक र उपनिषद् छन्। वेदमा अभ्युदय र निश्रेयस गरी दुई प्रकारका सुख/आनन्द उल्लेख गरिएको छ। ऐतरेय, तैत्तिरीय र शतपथ ब्राह्मण ग्रन्थहरू हुन्। वेदमा ५ आरण्यक उल्लेख गरिएको छ : ऐतरेय, शंखायन, वृहदारण्यक, तैत्तिरीय, तवलकार। यसमा ईश्वर, आत्मा र सृष्टिबारे बृहत् व्याख्या गरिएको छ। वेदको सङ्कलन एकै समयमा नभएर बिस्तारै-बिस्तारै भएको मानिन्छ। सबैभन्दा पहिले ऋग्वेद, सामवेद र यजुर्वेदको सङ्कलन भयो। त्यसैले यसलाई वेदत्रयी पनि भनिन्छ। वेदको विभाजन रामचन्द्रको जन्मपूर्व पुरुरवा ऋषिको समयमा भएको भन्नेहरू पनि छन्। कतिपय विद्वान्का मतमा द्वापर युगको समाप्तिपछि महर्षि वेदव्यासले वेदलाई चार भागमा विभाजन गरी व्यवस्थित गरेका हुन्। उनले यी चार भाग वेदको शिक्षा आफ्ना शिष्य पैललाई ऋग्वेद, वैशम्पायनलाई यजुर्वेद, जैमिनीलाई सामवेद र शान्तनुलाई अथर्ववेद दिए।

वेदका चार भागको छोटो चिनारीः

ऋग्वेद

यो सबैभन्दा पुरानो र महत्त्वपूर्ण संहिता हो। ऋक अर्थात् स्थिति र ज्ञान, यसमा १० मण्डल, १०२८ ऋचा छन्। यीऋचाहरूमा देवताको प्रार्थना, स्तुति र देवलोकमा उनीहरूको स्थितिबारे वर्णन गरिएको छ। यसका पाँच शाखा-शाकल्प, वास्कल, अश्वलासन, शांखायन र मण्डुकायन छन्। प्रत्येक मण्डलमा अष्टक, अध्याय, वर्ग र अनुवाक सूत्र छन्। प्रत्येक सूत्रमा कैयौं मन्त्र छन्। ऋग्वेदलाई होता (स्तुति) पनि भनिन्छ। यसमा इन्द्र, वरुण, अग्नि देवताको स्तुति छ।

यजुर्वेद

यजुर्वेदको अर्थ यत+जु : यत-गतिशील, जु-आकाश। यसबाहेक श्रेष्ठतम कर्मको प्रेरणा। यसमा १९७५ मन्त्र र ४० अध्याय छन्। यसमा धेरैजसो यज्ञका मन्त्र छन्। तत्त्व ज्ञानको पनि वर्णन गरिएको छ। यजुर्वेदका दुई शाखा कृष्ण र शुक्ल हुन्। यसमा कर्मकाण्डका मन्त्र सङ्ग्रहित छन्।

सामवेद

साम अर्थात् रूपान्तरण र सङ्गीत, सौम्यता र उपासना। यसमा १८७५ मन्त्र छन्। यसमा ऋग्वेदकै ऋचाहरू अधिक मात्रामा छन्। यसका सबै मन्त्र सङ्गीतमय/गेय छन्। यसमा तीन शाखा र ७५ ऋचा छन्। यसमा सङ्गीतशास्त्रलाई समावेश गरिएको छ र वेदपाठ गर्ने विधान छ। यसमा आर्चिक-पूर्वार्चिक र उत्तरआर्चिक ऋचाहरू छन्। यसमा आग्नेयकाण्ड, ऐन्द्रकाण्ड, पचमानकाण्ड, आरण्यकाण्ड र महानाम्यार्चिककाण्ड छन्। यसमा छवटा अध्याय छ र भूमण्डलको सूचनात्मक वर्णन गरिएको छ।

अथर्ववेद

यसमा यज्ञ गर्ने विधान, बीसवटा काण्ड र झारफुक, औषधि, सिउनेकला आदि उल्लेख छ। थर्व-कम्पन, अथर्व-अकम्पन। ज्ञानले श्रेष्ठ काम गर्दै जो परमात्माको उपासनामा तल्लीन हुन्छ त्यही अकम्प बुद्धि प्राप्त गरेर मोक्ष धारण गर्छ भन्ने अथर्ववेदको अभिप्राय हो। यसमा ५९८७ मन्त्र, २० काण्ड रहेका छन्।

यसका पनि ऋग्वेदकै ऋचा बढी छन्। यसमा परमात्मा, प्रकृति र आत्माको विस्तृत वर्णन गरिएको छ। यसबाहेक समकालीन महापुरुष, सामाजिक, राजनीतिक र भौगोलिक अवस्थाबारे पनि चर्चा गरिएको छ।

छ वेदाङ्गः शिक्षा, छन्द, व्याकरण, निरूक्त, ज्योतिष र कल्प। **छ उपाङ्ग :** प्रतिपदसूत्र, अनुपद, छन्दोभाषा, धर्मशास्त्र, न्याय तथा वैशेषिक। **षड्दर्शनः** साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त। जसलाई यजमानद्वारा यज्ञ गराउने अधिकार प्राप्त हुन्छ तिनलाई ऋत्विक भनिन्छ। ऋत्विकलाई होतृगण, अध्र्वगण, उद्गातृगण र ब्रह्मागण गरी चार भागमा बाँडिएको छ। यिनै चार गणहरूका लागि चार वेदको मन्त्र सङ्ग्रह गरिएको हो। वेदका संहिताहरूको ठाडो तथा तेर्सो रेखा लगाएर तिनको उच्चारण उच्च, मध्यम र मन्द सङ्गीतमय बनाउन उल्लेख गरिएको छ। यिनलाई उदात्त, अनुदात्त र स्वारित नामले पनि चिनिन्छ। चार वेदमा ऋग्वेद ऋषिमुनिहरूका लागि, सामवेद-गन्धर्वहरूका लागि, यजुर्वेद-क्षत्रियका लागि र अथर्ववेद-व्यापारीका लागि मानिएको छ। वेदका चार भाग संहिता (मन्त्र), ब्राह्मण (गद्यमय कर्मकाण्डको विवेचना) आरण्यक (कर्मकाण्डपछिको उद्देश्य) र उपनिषद् (परमेश्वर, परमात्मा, आत्माको स्वभाव र सम्बन्धका दार्शनिक र ज्ञानवर्द्धक वर्णन) हुन्। वेदलाई याज्ञिक, प्रायोगिक र साहित्यिक दृष्टिकोणले पनि विभाजन गरिएको छ।

उपवेदहरू

चारबाहेक वेदका छ अङ्ग छन्-शिक्षा, छन्द, कल्प, व्याकरण, निरूक्त र ज्योतिष। यिनलाई शरीरका छ अङ्गसरह क्रमशः आँखा, कान, नाक, मुख, हात, खुट्टा मानिन्छ। चार वेदका चारै उपवेद छन्।

चार उपवेद यस प्रकार छन्:

धनुर्वेद : यो यजुर्वेदको उपशाखा हो। विश्वामित्ररचित धनुर्वेद (दीक्षापाद, सङ्ग्रहपाद, सिद्धपाद र प्रयोग पाद), शिवजीरचित धनुर्वेद (६०००० श्लोक), दोर्णाचार्यरचित धनुर्वेद (धनुष प्रदीप ७०० श्लोक), परशुरामरचित धनुष (चन्द्रोदय धनुष ६०००० श्लोक) मुख्य छन्। यसमा विभिन्न प्रकारका धनुष र वाण बनाउने र प्रयोगबारे विस्तृत चर्चा गरिएको छ।

गान्धर्ववेद : यो सामवेदको उपवेद हो। सामवेद सङ्गीत वेद हो। सामवेदको वाष्णेर्य शाखाको उपवेद गान्धर्ववेद हो। यसमा चौध काण्ड छन्। यसलाई सङ्गीत रत्नाकर उपवेद पनि भनिन्छ। यसका चार आचार्य प्रसिद्ध छन्- सोमेश्वर, भरत, हनुमत र मल्लिनाथ।

आयुर्वेद : यो ऋग्वेदको उपवेद हो। यसमा ब्रह्माजीले रचना गरेका एक लाख श्लोक छन्। यसलाई प्रजापतिले ग्रहण गरी अश्विनीकुमारलाई दिए। अश्विनी कुमारले इन्द्रलाई र इन्द्रले धन्वन्तरिलाई हस्तान्तरण गरे। यसमा शल्यतन्त्र, शालक्यतन्त्र, कायचिकित्सातन्त्र, भूतविद्यातन्त्र, कौमार भृत्यतन्त्र, भगततन्त्र, रसायनतन्त्र र बाजीकरण तन्त्र गरी आठ भाग रहेका छन्।

अथर्ववेद :यो अथर्ववेदको उपवेद हो। यसमा अर्थोपवेद, अर्थवेद,अर्धचन्द्रोदय, सम्पत्तिशास्त्र आदि ठूला ग्रन्थ र नीतिप्रभा र काश्यपेय दुई साना ग्रन्थ छन्।

स्थापत्य वेद : यो आजको वास्तुशास्त्र हो। यसमा भवन र शहर निर्माणको नियमविधि र प्रक्रिया उल्लेख गरिएको छ।

अर्थवेद/अर्थशास्त्र : यो अथर्ववेदको उपवेद हो। यसमा अर्थशास्त्र सम्बन्धी साहित्य समावेश गरिएको छ।

निष्कर्ष : वेदको सरगम भजन वा प्रार्थना मात्र होइन। तिनले जीवनलाई अर्थ दिन्छन् र धर्मको मार्गमा हिंड्ने रूपरेखा पनि दिन्छन्। ती संस्कृत साहित्यका सबैभन्दा पुराना ग्रन्थहरू हुन् जुन आजपर्यन्त उत्तिकै आवश्यक छ। आजको युवा पीढीलाई यसबारे जानकारी गराउनु र यसको महत्त्व दर्शाउनु हामी सबैको जिम्मेवारी र कर्तव्य हो। वेदको ज्ञानलाई हाम्रा पाठ्यक्रममा समाविष्ट गर्न सके पुर्खाहरूले निर्माण गरेको अभिलेखप्रति न्याय हुने थियो।

वेदका अनुसार शिक्षाको महत्त्वपूर्ण पक्ष भनेको युवालाई सत्यवादी हुन तालीम दिनु हो किनभने सत्यको मार्गमा हिंड्ने तेजस्वी आत्मा कहिल्यै पराजित हुँदैन। वैदिककालमा अध्यापनलाई पवित्र कर्तव्य मानिन्थ्यो र आधुनिक कालको तुलनामा वैदिक शिक्षक कति जिम्मेवार थिए भन्ने कुरा यसले विश्वलाई देखाउँछ। वेदलाई संसारको सबैभन्दा पुरानो साहित्यको रूपमा मानिन्छ र प्राचीन नेपाल र भारतमा जीवनको दर्शनको स्रोत हो र यसको अध्ययनले हामीलाई जीवन दर्शनमा मात्र नभई सम्पूर्ण प्राचीन संस्कृतिको उत्पत्ति बुझ्न पनि मदत गर्दछ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

अन्तर्राष्ट्रिय समाचार

मोगादिसुको हयात होटलमा आतङ्कवादी आक्रमणः दशजना मारिए

मोगादिसु, ४ भदौ/एपी

यहाँस्थित हयात होटलमा आतङ्कवादी समूह अल–सबाबले गरेको आक्रमणमा राजधानीको एक होटलमा बन्दूकधारीले आक्रमण गर्दा कम्तीमा १० जना मारिएका तथा कैयौं घाइते भएका छन् ।

घटनास्थलबाट बालबालिकासहित अन्य धेरैको उद्धार गरिएको प्रहरी तथा प्रत्यक्षदर्शीहरूले बताएका छन् । यद्यपि घटनाको विस्तृत विवरण आइसकेको छैन । हतियार बोकेका अल–सबाबका आक्रमणकारीहरूले होटल भवनमा प्रवेश गर्नु अघि बाहिर विस्फोटसँगै आक्रमण शुरू गरेका थिए । शनिवार बिहान पनि बन्दूकको आवाज सुनिएको थियो ।

तस्वीरः एपी

होटलमा लुकेका आक्रमणकारीहरूलाई सुरक्षा फौजले नियन्त्रणमा लिने प्रयास गरेको भए पनि त्यहाँ कतिजना छन् भन्ने स्पष्ट भएको छैन । इस्लामिक चरमपन्थी समूह अल–सबाबले आक्रमणको जिम्मेवारी लिएको छ । होटलको स्वागतकक्ष बाहिर भुईंमा धेरै शव देखेको उद्धार गरिएका एकजनाले बताएका छन्। आक्रमणमा मारिनेहरूको परिचय पनि खुलाइएको छैन । रासस

पाँच केजी हेरोइनसहित एकासी वर्षीया पक्राउ

वार्सा, ४ भदौ/एपी

यहाँस्थित अन्तर्राष्ट्रिय विमान स्थलबाट क्यानाडातर्फ प्रस्थान गर्न लागेकी एकजना ८१ वर्षीया महिलालाई पाँच किलो हेरोइनसहित पक्राउ गरिएको छ।

बरामद उक्त परिमाणको हेरोइनको मूल्य पाँच लाख १५ हजार अमेरिकी डलर पर्ने अधिकारीहरूले बताएका छन्।

डेनमार्ककी नागरिक ती महिलाको संदिग्ध गतिविधि देखेपछि भन्सारका कर्मचारीले उनको सामान खानतलाशी गर्दा उक्त परिमाणको प्रतिबन्धित लागू औषध बरामद गरिएको हो ।

बरामद लागूऔषध फल्स बटन बनाएर तस्करी गर्ने प्रयास गरिएको थियो। ती महिला मलावी र केन्या हुँदै दोहाबाट वार्सा आइपुगेकी थिइन्। उनले कुनै पनि गलत काम नगरेको बताएकी छन् ।

पोल्यान्डको कानून अनुसार उनलाई तीन महीना थुनामा राखेर अनुसन्धान गरिने छ। गैरकानूनीरूपमा प्रतिबन्धित लागू औषध राखेको प्रमाणित भएमा १५ वर्ष कारावास भोग्नुपर्नेछ।

यसैबीच डेनमार्क सरकारले आफ्ना नगारिक लागू औषधसहित पोल्यान्डमा पक्राउ परेको समाचारको पुष्टि गर्दै उनलाई वार्सास्थित आफ्नो देशको दूतावासले कन्सुलर सेवा प्रदान गरिरहेको बताएको छ। रासस

पाकिस्तान र भारत दुवैका लागि युद्ध राम्रो विकल्प होइन -शहबाज शरीफ

इस्लामाबाद, ४ भदौ/एएनआई/रासस

पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफले आफ्नो देशले भारतसँग दीर्घकालीन शान्ति चाहेको र दुई छिमेकी मुलुकका लागि युद्ध राम्रो विकल्प नभएको बताएका छन् ।

अमेरिकाको हार्वर्ड युनिभर्सिटीका विद्यार्थीहरूको एउटा समूहसँग कुरा गर्दै उनले भने–“हामी वार्ताको माध्यमबाट भारतसँग स्थायी शान्ति चाहन्छौं किनभने युद्ध कुनै पनि देशका लागि राम्रो विकल्प होइन ।

शरीफले दक्षिण एशियामा दिगो शान्ति पाकिस्तान अधीनस्थ कश्मीर (पिओके) को समाधानसँग जोडिएको पनि बताए। दक्षिण एशियामा दिगो शान्ति संयुक्त राष्ट्रसङ्घको प्रस्ताव र कश्मीरीहरूको इच्छा अनुसार जम्मू र कश्मीर मुद्दाको समाधानसँग जोडिएको प्रधानमन्त्री शरीफलाई उद्धृत गरी द न्यूज इन्टरनेशनलले जनाएको छ ।

आणविक सम्पत्ति र पाकिस्तानको व्यावसायिक तालीम प्राप्त सेनाको बचाउ गर्दै उनले भने–“हामी आफ्नो सीमाको रक्षाका लागि सेनामा खर्च गर्छौं, आक्रमणका लागि होइन । प्रधानमन्त्री शरीफले भने–“इस्लामाबाद र नयाँ दिल्लीबीच व्यापार, अर्थतन्त्र र दुई देशका जनताको आर्थिक तथा सामाजिक अवस्था सुधारका लागि सहकार्य हुनुपर्छ ।”

राष्ट्रिय अर्थतन्त्र र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) कार्यक्रमबारे सोधिएको प्रश्नको जवाफमा प्रधानमन्त्री शरीफले पाकिस्तानको आर्थिक सङ्कट हालैका दशकहरूमा राजनीतिक अस्थिरतासँगै आएको संरचनागत समस्याका कारण उत्पन्न भएको बताए।

ट्विट गरेको आरोपमा साउदीमा एक महिलालाई चौतीस वर्षको जेल सजाय

दुबई, ४ भदौ/एपी

ट्विट गरेको आरोपमा साउदी अरबको एक अदालतले एकजना विद्यावारिधिका विद्यार्थीलाई चौंतीस वर्षको जेल सजाय सुनाएको छ ।

बेलायतको लिड्स विश्वविद्यालयमा विद्यावारिधिको अनुसन्धानमा जुटेकी सलमा अल–शेहाबलाई अफवाह फैलाउने र असन्तुष्टहरूलाई रिट्विट गरेको आरोपमा ३४ वर्षको जेल सजाय सुनाइएको हो । साउदी अदालतको यो निर्णयबाट विश्व समुदाय स्तब्ध भएको छ भने त्यसको विश्वव्यापीरूपमा निन्दा भएको छ ।

वाशिंगटनस्थित मानव अधिकार समूह फ्रिडम इनिसिएटिभका अनुसार बिदामा स्वदेशमा रहेकी उनलाई बेलायत फर्कने तयारीमा रहेका बेला गत वर्ष जनवरी १५ मा हिरासतमा राखेर साउदी प्रशासनले कारबाही थालेको थियो ।

एसोसिएटेड प्रेसले प्राप्त गरेको कानूनी कागजातहरूले उनको मुद्दा अदालतमा पठाउनु अघि अल–शेहाबले न्यायाधीशहरूलाई २८५ दिनभन्दा बढी एकान्त कारावासमा राखिएको बताएकी थिइन् । फ्रिडम इनिसिएटिभले अल–शेहाबलाई साउदी अरबको शिया मुस्लिम अल्पसङ्ख्यकको सदस्यको रूपमा वर्णन गरेको छ जसले लामो समयदेखि सुन्नी–शासित राज्यमा व्यवस्थित भेदभाव गरेको गुनासो गरेको छ ।

सलमा अल–शेहाब ।

मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेशनलले अल–शेहाबको मुद्दालाई ‘घोर अनुचित’ र उनलाई सुनाइएको सजाय ‘क्रूर एवं गैरकानूनी’ भएको भन्दै आलोचना गरेको छ ।

न्यायाधीशहरूले अल–शेहाबलाई ‘सार्वजनिक व्यवस्थामा गडबडी’ र ‘सामाजिक संरचनालाई अस्थिर’ बनाएको आरोप लगाएका छन् भने आधिकारिक आरोपपत्रमा पनि सामाजिक सञ्जालमा पोस्ट गरिएका उनका विषयवस्तुले झूटो अफवाह सम्प्रेषण गरेको दाबी गरिएको छ। उनले असन्तुष्ट व्यक्तिका खातालाई फ्लो र रिट्विट गरेको आरोप लगाइएको छ।

दुई हजारभन्दा बढी फ्लोअर नभएको व्यक्तिगत खाताबाट जिज्ञासावश आफूले ट्विट र रिट्विट गर्नु र उनीहरूका दृष्टिकोण नियाल्नु आतङ्कवाद हो भन्ने आफूलाई नलागेको अपीलका क्रममा न्यायाधीशसमक्ष अल–शेहाबले बताएकी छन् ।

विशेष फौजदारी अदालतले प्रतिआतङ्कवाद र साइबर अपराध कानून अन्तर्गत ३४ वर्षको यात्रा प्रतिबन्धसहित ३४ वर्षको असाधारण कठोर सजाय सुनाएपछि उनले आफ्नो बचाउमा उक्त दलील पेश गरेकी हुन् । रासस

दोर्दी करिडरको बिजुली जोड्ने वैकल्पिक प्रसारण तयार

काठमाडौं, ४ भदौ/रासस

लमजुङको दोर्दी करिडरमा निर्माणाधीन जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न वैकल्पिक व्यवस्थासहित प्रसारण लाइन तयार भएको छ ।

तस्वीरः फाइल

सो करिडरमा निर्माणाधीन जलविद्युत् आयोजनाको बिजुली उदीपुर हुँदै मध्यमर्स्याङदीको स्वीचयार्ड सिउँडीबारमा जोड्नेगरी वैकल्पिक व्यवस्था गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले कुल छ किलोमिटर लामो प्रसारण लाइनमार्फत बिजुली जोड्न सकिने गरी नयाँ व्यवस्था गरेको मर्स्याङ्दी करिडर २२० केभी प्रसारण लाइन आयोजनाका प्रमुख चिरन्तनविक्रम राणाले राससलाई जानकारी दिए ।

“हामीले सबै परीक्षण सम्पन्न गरिसकेका छौं, प्रवर्द्धकले चाहेको बेला अब बिजुली जोड्न सक्छन्”–आयोजना प्रमुख राणाले भने–“कार्यकारी निर्देशकले पनि शीघ्र काम सम्पन्न गर्न निर्देशन दिनुभएको छ, हामी सबै काम सम्पन्न गरेर तयारी अवस्थामा बसेका छौं ।”

वन क्षेत्रको रूख कटानमा देखिएको समस्या तथा अन्य स्थानीयवासीको मागका कारण लामो समयदेखि मार्कीचोक हुँदै लमजुङ खण्डमा प्रसारण लाइन निर्माण कामले गति लिन नसकेपछि प्राधिकरणले आफ्नो प्रतिबद्धता अनुसार प्रसारण लाइन तयार पारेको हो ।

हाल तयारी हालतमा रहेको प्रसारण लाइनलाई १३२ केभीमा चार्ज गरिने छ । सो प्रसारण लाइनको क्षमता २२० केभी भए पनि तत्काल कम क्षमता चार्ज गरेर प्रवर्द्धकको बिजुली प्रणालीमा जोडिने आयोजना प्रमुख राणाको भनाइ छ । लमजुङकै ङादी तथा त्यसका सहायक खोलामा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् खुदी सबस्टेशनमा जोडिने छ ।

मर्स्याङ्दी र त्यसका सहायक नदीमा उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाहका लागि मर्स्याङ्दी करिडर २२० केभी प्रसारण लाइन आयोजना शुरू गरिएको हो । प्रसारण लाइनबाट करीब १,६०० मेगावाट विद्युत् प्रवाह गर्न सकिने छ ।

उनका अनुसार हिमालयन पावर पार्टनरको २७ मेगावाट क्षमताको दोर्दीखोला जलविद्युत् आयोजनाले बिजुली जोड्छौं भनेकै दिन जोड्न सकिने भएको छ। यस्तै लिबर्टी इनर्जी लिमिटेडको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी ‘ए’ जलविद्युत् आयोजना निर्माणाधीन छ । त्यस्तै दोर्दीखोला जलविद्युत् कम्पनीको १२.१ दोर्दी–१ पनि तत्काल जोड्न सकिन्छ।

चेपे खोलाका निर्माणाधीन सात मेगावाटको अर्को एक आयोजनाको समेत बिजुली सोही प्रसारण लाइनमा जोड्दा तत्काल ७० मेगावाट बराबर बिजुली केन्द्रीय प्रणालीमा थप हुनेछ। चितवनको भरतपुरदेखि मनाङको धारापानीसम्मको डबल सर्किट प्रसारण लाइन करीब ११३ किलोमिटर लामो छ । आयोजनालाई तीन प्याकेजमा विभाजन गरी काम भइरहेको छ। पहिलो प्याकेज अन्तर्गत उदीपुरबाट नयाँ भरतपुर सबस्टेशनसम्म करीब ६७ किलोमिटर प्रसारण लाइन निर्माण भइरहेको छ ।

दोस्रो प्याकेज अन्तर्गत नयाँ भरतपुर र उदीपुर सबस्टेशन निर्माणाधीन छन्। तेस्रो प्याकेज अन्तर्गत खुदीबाट धारापानीसम्म ४६ किलोमिटर प्रसारण लाइन र दुई सबस्टेशन निर्माण भइरहेका छन् । नेपाल सरकारको लगानी र युरोपेली लगानी बैंक (इआइबी)को सहुलियतपूर्ण ऋणमा निर्माणाधीन आयोजनाको अनुमानित लागत करीब रु १६ अर्ब बराबर छ ।

लमजुङमा रु २३ अर्बभन्दा बढी लगानीमा पाँच जलविद्युत् आयोजना निर्माणाधीन छन् । यस्तै पिपुल्स हाइड्रोपावर कम्पनीद्वारा ५४ मेगावाटको सुपर दोर्दी ‘ख’ पनि सोही प्रसारण लाइनमार्फत नै प्रवाह हुनेछ । सो करिडरका सबै आयोजना निर्माण सम्पन्न भएपश्चात् १२५ मेगावाट बिजुली उत्पादन हुनेछ। त्यहाँ निर्माण भएका आयोजनाबाट एक वर्षदेखि पाँच वर्षभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

त्यस्तै दोर्दी करिडरमैं छ्याङ्दी खोला हाइड्रोपावर कम्पनीले सोही खोलामा चार मेगावाटको जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

दोर्दी करिडोरको सबैभन्दा माथिल्लो तटमा पिपुल्स हाइड्रोपावरको सुपर दोर्दी ‘ख’ (५४ मेगावाट) आयोजनामा कुल रु आठ अर्ब ८० करोड लगानी छ । सो आयोजनामा प्रभावित क्षेत्रका बासिन्दा र जिल्लावासीको पनि रु २७ करोड लगानी रहेको छ ।

निर्माण सम्पन्न आयोजनाको बिजुली केन्द्रीय प्रसारण प्रणालीमा जोड्न नपाएको भन्दै गुनासो आएपछि प्राधिकरणले मर्स्याङ्दी करिडर प्रसारण लाइनको प्रगतिबारे पटक–पटक चासो राख्दै स्थलगत अनुमगनसमेत गरेको थियो।

प्राधिकरणका कार्यकारी निर्देशकलगायतको टोलीले सो प्रसारण लाइन र सबस्टेशनको स्थलगत निरीक्षण गरी वैकल्पिक व्यवस्थाबाट नै भए पनि बिजुली जोड्ने प्रतिबद्धता जनाएको थियो। प्राधिकरणको खुदी सबस्टेशनको निर्माणको काम अन्तिम चरणमा पुग्न लागेको छ। धारापानी सबस्टेशनको काम भइरहेको छ । भौगोलिकरूपमा विकट ठाउँमा रहेकाले धारापानी सबस्टेशनको निर्माणमा आशातीत सफलता हासिल हुन सकेको थिएन ।

नयाँ भरतपुर र उदीपुर सबस्टेशनमा क्रमश २२०/१३२ केभी, ३२० एमभिए र २२०/१३२ केभी, १६० एमभिए तथा १३२/३३ केभी, ५० एमभिए क्षमताका पावर टान्सफर्मर रहनेछन् । खुदी र धारापानी सबस्टेशनमा क्रमशः २२०/१३२ केभी, १६० एमभिए तथा १३२/३३ केभी, ५० एमभिए र २२०/१३२ केभी, १०० एमभिए तथा १३२/३३ केभी, ३० एमभिए क्षमताका पावर ट्रान्सफर्मर रहने छन्।

वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटानका लागि स्वीकृति लिन लामो समय लागेको थियो। सो प्रसारण लाइन अन्तर्गत बाँकी अन्य काम पनि एक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस्तै ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालले पनि सो आयोजनाको स्थलगत निरीक्षण गरी काम सम्पन्न गर्न यस अघि निर्देशन दिएकी थिइन्। मन्त्री भुसाल प्राधिकरण सञ्चालक समितिको अध्यक्ष हुन्।

बढनिहारमा नेपाल लाइफ इन्स्योरेन्सको शाखा उद्घाटन

बलिराम शुक्ला, बिरुवागुठी, ४ भदौ/

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड वीरगंज शाखाले आज पर्सागढी नगरपालिका–३ बडनिहारमा आफ्नो एजेन्सी शाखा कार्यालय उद्घाटन तथा जनचेतना अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

वीरगंज शाखाका प्रबन्धक राजीवप्रसाद यादवको अध्यक्षता र प्रमुख अतिथि पर्सागढी नगरपालिका नगर प्रमुख गोकर्ण पाठकले रिबन काटी शाखा कार्यालयको उद्घाटन गर्दै बीमा मानिसको जीवनमा नभई नहुने वास्तविकता बुझेर ग्रामीण क्षेत्रमा समेत सञ्चालन भएकोमा खुशी व्यक्त गरे ।

कार्यक्रममा पर्सागढीका उपप्रमुख पूजा चौधरी, समाजसेवी बृजमोहन चौधरी, अशोक बुर्लाकोटी, मुक्ति पाठक, अर्जुन नेपाललगायत स्थानीयको उपस्थिति थियो ।

कार्यक्रममा अरविन्दकुमार साहले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने सञ्चालन मुकेश चौधरीले गरेका थिए ।

९५ औं जन्मोत्सव मनाइयो

प्रस, वीरगंज, ४ भदौ/

पूर्व महारानी रत्नराज्यलक्ष्मी देवी शाहको ९५ औं जन्मोत्सव वीरगंजमा मनाइएको छ ।

तस्वीरः सौजन्य

देशभक्त राजभक्त समूहले महावीर स्थानमा मन्दिर अगाडि जन्मोत्सव मनाएको थियो ।

समूहका अध्यक्ष दिपेन्द्र रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा पशुपति विक्रम शाह, उषा शाह, हीराबहादुर चन्द, अब्दुलसतार अन्सारी, सुशील लामा, अञ्जु राणा शाह, मिठु अली, शम्भू चौरसिया, रामनारायण शाह, महेन्द्र शाहलगायतको सहभागिता थियो ।

यसैगरी जन्मोत्सवको अवसरमा नेपाल राष्ट्रवाद सङ्घले घण्टाघरबाट र्‍याली निकालेर नगर परिक्रमा गरी बालमन्दिरमा पूर्व महारानी शाहको तस्वीरमा माल्यार्पण गरेको थियो ।

कार्यक्रम सङ्घका अध्यक्ष जनकलाल शाहको अध्यक्षतामा भएको थियो भने सङ्गीता शाह, उमाशङ्कर कलवार, राजेन्द्र पाल, पृथ्वी झा, हरेराम रौनियार, वकिल मियाँ, खेदु राउतलगायतको सहभागिता थियो ।

वीरगंज महानगरपालिकाको सूचना

यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्नेगरी निर्माण सामग्री थुपार्ने, फूटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायत नियम विपरीत कार्यहरू नगर्न नगराउन हुन जानकारी गराइन्छ। त्यस्ता कार्य गरेको पाइएमा कानूनबमोजिम जरिवानाका साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वीरगंज महानगरपालिका, पर्सा

भेट्रान्स क्लबको साधारणसभा सम्पन्न

प्रस, वीरगंज, ४ भदौ/

भेट्रान्स सिटी क्लबको छैठौं वार्षिक साधारण सभा-२०७९ बारा जिल्लाको ३ नम्बर पुलमा सम्पन्न भएको छ।

तस्वीरः सौजन्य

क्लबका अध्यक्ष सबिन बस्नेतको अध्यक्षतामा भएको साधारणसभाको उद्घाटन कार्यक्रममा प्रमुख अथिति पर्सा जिल्ला फूटबल सङ्घका अध्यक्ष अनिल कुमार कलवारले गरेका थिए।

सभाले विद्यालय खेलदेखि वीरगंज गोल्डकप र अन्तर्राष्ट्रिय भेट्रान फूटबल गराउने र आगामी शनिवार भदौ ११ गते रक्तदान गर्ने निर्णय गरेको छ।

क्लबका महासचिव विनोद परियारले सहजीकरण गरेको सभामा पर्सा जिल्ला फूटबल सङ्घका पूर्व अध्यक्ष मनोज भट्टराई, वर्तमान वरिष्ठ उपाध्यक्ष दिपक साह कानू, नेपाल पत्रकार महासङ्घका महासचिव भूषण यादव, मधेस प्रदेशका फोटो पत्रकार अध्यक्ष पङ्कज श्रेष्ठ र भेट्रान्सका उपाध्यक्ष अकबर हवारी र टेकबहादुर मगरको उपस्थिति थियो।

साधारणसभाले सबिन बस्नेतको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ। समितिमा वरिष्ठ उपाध्यक्ष रोशन श्रेष्ठ, उपाध्यक्ष सागर शम्शेर जङ्बहादुर राणा, महासचिव पङ्कज श्रेष्ठ, सचिव भूषण यादव, कोषाध्यक्ष सुबोध श्रीवास्तव, सहकोषाध्यक्ष डा.प्रवीण सिंहलगायत सदस्य छन्।

प्रारम्भिक पहिचानसम्बन्धी पुनर्ताजगी तालीम

प्रस, पचगावाँ, ४ भदौ/

सखुवा परसौनी गाउँपालिका-२ दिपनारायण आदर्श नमूना माध्यमिक विद्यालयको सभाहलमा सबैका लागि पढाइ कार्यक्रम अन्तर्गत प्रारम्भिक पहिचानसम्बन्धी दुई दिने पुनर्ताजगी तालीम आजदेखि सञ्चालन भएको छ।

तस्वीरः प्रतीक

कार्यक्रमको प्रमुख अतिथि सखुवा परसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले सखुवा परसौनी गाउँपालिकामा शिक्षालाई प्रमुख प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरे र पालिकाका अपाङ्गता बालबालिकाको लागि गापा अध्यक्षको तलब भत्ताबाट केही रकम दिने प्रतिबद्धता जनाए।

कार्यक्रममा सखुवापरसौनी गाउँपालिकाको १४ विद्यालय र पटेर्वा सुगौली गाउँपालिकाको १३ वटा समुदायका प्रधानाध्यापकहरूको सहभागिता रहेको थियो।

कानले कम सुन्ने, आँखाले राम्ररी नदेख्ने अपाङ्गता भएकाको पढाइमा पर्ने असर पहिचान गरेर सहजीकरण गर्नको लागि तालीमको आयोजना गरिएको वनदेवी आधारभूत विद्यालय भतौडाका प्रअ सुभाष दासले बताए।

सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साका अध्यक्ष इब्राहिम देवानको अध्यक्षतामा कार्यक्रम सञ्चालन भएको थियो।

बजेटमा नतोकिएका नयाँ कार्यक्रम सञ्चालन नगर्न निर्देशन

काठमाडौं, ४ भदौ/रासस

निर्वाचन आयोगले निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम वा सोही प्रकृतिका योजना र बजेटमा नतोकिएका नयाँ कार्यक्रम सञ्चालन नगर्न/नगराउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन दिएको छ।

योजना र बजेटमा नतोकिएको नयाँ कार्यक्रम सञ्चालन गर्दा मतदातालाई प्रभावित पार्ने एवं निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पार्न सक्ने देखिएकाले आयोगले त्यस्ता कार्यक्रम कार्यान्वयन नगर्न तीनै तहलाई निर्देशन दिएको हो।

विपद् व्यवस्थापनसम्बन्धी कार्य, मानवीय सहायता प्रदान र स्वास्थ्य महामारी रोकथाम गर्न आवश्यक कार्य बाहेक कुनै पनि प्रकारका नयाँ आयोजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन नगर्न तीनै तहलाई निर्देशन दिइएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

टयाङ्करबाट गाँजा बरामद

प्रस, वीरगंज, ४ भदौ/

वीरगंज महानगरपालिका-२१ परवानीपुरबाट प्रहरीले १७२ किलो गाँजा बरामद गरेको छ।

सूचनाको आधारमा पर्सा प्रहरीले भारतीय नम्बरको तेल टयाङ्कर चेकजाँच गर्दा सोमा लुकाइएको ४६ पोका (१७२ किलो) गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले बताए।

उनले टयाङ्कर चालक भारत, उत्तरप्रदेशका ३९ वर्षीय लालबिहारी यादवलाई नियन्त्रणमा लिएको र निजविरुद्ध कानूनी कारबाई अगाडि बढाएको बताए।

शेयर बजारबारे अन्तर्क्रिया....

अनुरोध गरे।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष डा. सुबोधकुमार गुप्ता, नेपाल उद्योग वाणिज्य महासङ्घ, मधेस प्रदेशका अध्यक्ष गणेशप्रसाद लाठ, सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्ष हरि गौतम, सङ्घका कार्यसमिति सदस्य नीरज अग्रवालले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा सुभाषचन्द्र भट्टराई, हरि ढकाल, शिवचन्द्र, सुरेश प्याकुरेल लगायतले सहभागीहरूलाई शेयर कारोबारबारे जानकारी गराएका थिए।

खेलकूदको संसार

नेकपा एसको खेलकूद महासङ्घ गठन

प्रस, वीरगंज, ५ भदौ/

नेपाल खेलकूद महासङ्घ समाजवादी पर्साको जिल्ला कमिटी गठन भएको छ।

तस्वीरः प्रतीक
नेपाल खेलकुद महासंघ समाजवादी
जिल्ला स्तरिय खेलकुद भेला

घडिअर्वा पोखरीस्थित कभर्ड हलमा आकाश पटेलको संयोजकत्वमा बसेको बैठकले विश्वेश्वर पटेलको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति गठन गरेको छ। नवगठित कार्यसमितिको उपाध्यक्ष रामजन्म राउत, प्रेमदरप्रसाद थारू, सचिव उपेन्द्र पटेल, सहसचिव मनीषा चौधरी, कोषाध्यक्ष जयशङ्कर यादवलगायत रहेका छन्। बैठक नेकपा एस पर्साका प्रमुख बालगोपाल थापाको अध्यक्षतामा भएको थियो।

नवौं राष्ट्रिय खेलकूद : प्रदेश सरकारद्वारा साढे तीन करोड निकासा

कास्की, ४ भदौ/रासस

गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकूदका लागि प्रदेश सरकारले रु तीन करोड ४६ लाख बजेट निकासा गरेको छ।



प्रदेशमा खेलाडीको बन्द प्रशिक्षण, खेल सामग्री, खेलाडी छनोटलगायत कामका लागि अर्थ मन्त्रालयले बजेट उपलब्ध गराएको हो। प्रदेश खेलकूद परिषद्को माग र युवा तथा खेलकूद मन्त्रालयको सिफारिश अनुसार मन्त्रालयले सो रकम निकासा गरेको प्रदेश सरकारका अर्थमन्त्री रामजीप्रसाद बरालले बताए।

खेलकूद मन्त्रालयले राष्ट्रिय खेलकूदको तयारीका लागि रु पाँच करोड माग गरे पनि अर्थले हालका लागि सो रकम उपलब्ध गराएको हो। राष्ट्रिय खेलकूदका लागि भनेर चालू आर्थिक वर्षको बजेट कार्यक्रममा नै प्रदेश सरकारले रु एक करोड ४० लाख विनियोजन गरेको थियो। अर्थ मन्त्रालयले बजेटमा व्यवस्था गरिएकोबाहेक थप बजेट खेलकूद मन्त्रालयलाई उपलब्ध गराएको हो।

अर्थमन्त्री बरालले राष्ट्रको गौरवसँग जोडिएको राष्ट्रिय खेलकूदमा गण्डकीका टोलीको प्रशिक्षण, तयारी र आधारभूत आवश्यकताका लागि बजेट अभाव हुन नदिइने बताए। उनले भने-"राष्ट्रिय खेलकूदका लागि बजेट अभाव हुन दिदैनौं। अहिले निकासा गरिएभन्दा थप आवश्यक परे पुनः बजेट दिन्छौं। खेलाडीलाई आधारभूत सुविधामा बजेट अभावले कुनै पनि कमी हुन दिदैनौं।"

असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशमा हुने राष्ट्रिय खेलकूदका लागि गण्डकी प्रदेश सरकारले खेलाडी प्रशिक्षण शुरू गरेको छ। प्रदेश खेलकूद परिषद्ले शुक्रवारदेखि पहिलो चरणमा १४ खेलको विशेष प्रशिक्षण शुरू गरेको छ। विशेष प्रशिक्षणबाट प्राविधिक टोलीले आवश्यक खेलाडी छनोट गर्ने परिषद्ले जनाएको छ।

राष्ट्रिय खेलकूदमा ३६ र दुई प्रदर्शनी खेल गरी ३८ खेलमा पदकका लागि खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। सफ्ट टेनिस, टेनिस, स्क्वास, खो खो, हक्की, फेन्सिङ, स्विमिङ, ट्रायाथलन, साइक्लिङ, महिला ह्यान्डबल, महिला बास्केटबल, महिला फूटबल, महिला क्रिकेट, प्याराग्लाइडिङ, गल्फ, कुश्ती, सुटिङ र आर्चरी खेलको विशेष प्रशिक्षण सञ्चालन भएको छ।

सिम्रौनगढ उवासङ्घ....

रामबाबू कुशवाहा, सिम्रौनगढ-४ का वडा अध्यक्ष अवधेश सहनी, समाजसेवी रमेश पन्जाली लगायतले मन्तव्य व्यक्त गरेका थिए।

सो अवसरमा सिम्रौनगढ नपाका उप मेयर नजबु शेहर, नेपाली काङ्ग्रेस सिम्रौनगढ नगर कमिटी सभापति नागेन्द्रप्रसाद कानू, एमालेका महेन्द्र जयसवाल, रामेश्वर यादव, माओवादीका श्यामकिशोर यादव, लोसपाका दिनेश कुशवाहा, सशस्त्र प्रहरी बल बिओपी गोलागंजका प्रनि परशुराम लामिछने, सशस्त्र प्रहरी बल पिपरपाति कि प्रनि गोला परियार स्थानीय भद्रभलाद्मी, व्यापारीहरूको उपस्थिति रहेको थियो।

सो अवसरमा चारजना सञ्चारकर्मी र पाँचजना व्यापारी र तीनजना ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो। अरविन्दमहतो नुनियाले सञ्चालन गरेको कार्यक्रममा मुकेशकुमार जयसवालले स्वागत गरेका थिए।

यसैबीच बारा उद्योग वाणिज्य सङ्घ शाखा सिम्रौनगढको छैठौं अधिवेशनको बन्द सत्रले लालबाबू कुशवाहालाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको छ।

विज्ञापन आचारसंहिताको पालना गरौं।

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रूपमा प्रयोग नगरौं।
- संवेदनशील अङ्ग प्रदर्शन गर्ने, यौन उत्तेजना फैलाउने खालका विज्ञापन नगरौं।
- महिलालाई पुरूषको तुलनामा कमजोर पात्रको रूपमा प्रस्तुत नगरौं।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढावा दिने विज्ञापन नगरौं।
- कुनै जात, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड